जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

वर्ष-२१ | अंक - २५१ | २०८३ असोज १४ गते बुधबार | Wednesday, 30 Sept. 2026 | मूल्य ७ /-



एउटा पुरानो सम्झनासँग लहरिएको ताजा प्रसंगअस्त परम्परा पुनरावृत्त हुन थालेको हो ? (२)

नकुल काजी

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोनः ०२३-५७५४०९

दमक-१० को विज्ञान पार्क "प्रयोगविहीन"

प्रयोगशालामा धान खेती

खगेन्द्र कार्की

दमक / विद्यार्थीलाई विज्ञान सिकाउने, प्रयोगशालामा प्रयोग गर्ने र नयाँ सोच तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने उद्देश्यले निर्माण थालिएको दमक-१० को विज्ञान पार्क अहिले आफैँ 'प्रयोगविहीन परियोजना' बनेको छ । करोडौँ रूपैयाँ खर्चिएर बनाइएको प्रशासनिक भवन शिक्षाको बासबस्ने स्थल बनेको छ भने कम्पाउन्डभित्रको खाली जमिनमा धान खेती लगाइएको प्रधानाध्यापक सोमनाथ बराल बताउँछन् ।

प्रदेशस्तरीय विज्ञान पार्क बनाउने महत्वाकांक्षी योजनासहित सिंहदेवी माध्यमिक विद्यालयले उपलब्ध गराएको करिब डेढ बिघा जग्गामा निर्माण सुरु गरिएको यो परियोजनामा हालसम्म १ करोड ६० लाख ८४ हजार ३१७ रूपैयाँ खर्च भइसकेको छ । तर, प्रशासनिक भवन र कम्पाउन्ड वाल निर्माणबाहेक पार्क निर्माणको काम अघि बढ्न सकेको छैन ।

संघीय सरकारको सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय, झापामार्फत् आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को बजेटबाट प्रशासनिक भवन र कम्पाउन्ड वाल निर्माण गरिएको थियो ।

'विज्ञान पार्क' नाम दिइएको संरचना अहिले विज्ञानभन्दा पनि बेवास्ताको कथा सुनाइरहेको छ । बाहिरबाट हेर्दा आकर्षक देखिने रातो भवन विद्यालयले प्रयोग गरेको छ भने बाँकी जग्गामा धान खेती लगाइएको छ ।

सिंहदेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक बरालका अनुसार पार्कमा प्रदेशस्तरीय विज्ञान प्रयोगशाला, बालबालिकाका लागि फन पार्क तथा कक्षा १२ सम्मका विद्यार्थीलाई लक्षित प्रयोगात्मक अध्ययन केन्द्र बनाउने योजना थियो । देशभरका विद्यार्थीलाई अवलोकन र अध्ययनका लागि दमक ल्याउने उद्देश्यसमेत राखिएको थियो । तर, सुरूवाती चरणमा बजेट आएपछि केही काम भए पनि त्यसपछि बजेट रोकिँदा योजना अलपत्र परेको उनले बताए ।

'सुरूमा बजेट आएपछि केही काम भयो । तर, पछि बजेट नआउँदा अहिले अलपत्र बनेको छ,' बरालले भने, 'प्रदेशस्तरीय विज्ञान पार्क र केटाकेटीका लागि फन पार्क बनाउने योजना थियो । यहाँ विज्ञान प्रयोगशाला बनाउने र देशभरका विद्यार्थीको अवलोकनस्थल बनाउने लक्ष्य थियो ।'

बाँकी ४ पेजमा ▸▸

झापामा २६ परिवारले ३६ वर्षपछि पाए लालपुर्जा

दमक/ जिल्ला भूमि समस्या समाधान समिति झापाले बुद्धशान्ति गाउँपालिका-४ का २६ अव्यवस्थित परिवारलाई जग्गाधनी पुर्जा वितरण गरेको छ । लामो समयदेखि आफ्नो नाममा जग्गाको स्वामित्व नपाएका स्थानीयले जग्गाधनी पुर्जा प्राप्त गरेसँगै उनीहरु कानुनी रूपमा जग्गाधनी बनेका छन् ।

समितिका अनुसार लालपुर्जा प्राप्त गर्ने यी परिवारहरु २०४७ सालदेखि सो क्षेत्रमा बसोबास गर्दै आएका थिए । लामो समयदेखि अव्यवस्थित रूपमा बसोबास गर्दै आएका उनीहरूले आफ्नो नाममा जग्गाको स्वामित्व प्राप्त गरेका हुन् ।

समितिले सार्वजनिक गरेको विवरणअनुसार केही जग्गा आवास प्रयोजनका लागि र केही जग्गा कृषि प्रयोजनका लागि छन् ।

भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको समस्या दीर्घकालीन रूपमा समाधान गर्दै उनीहरूलाई कानुनी रूपमा जग्गाधनी बनाउने सरकारको लक्ष्यअनुसार लालपुर्जा वितरणलाई थप प्रभावकारी रूपमा अघि बढाइएको हो ।

चारआलीको मनकामना अस्पताल बन्द

बिर्तामोड । झापाको मेचीनगर-चारआलीस्थित मनकामना अस्पताल म्याद नाघेका औषधि प्रयोग गरेको र आवश्यक दर्ता तथा कागजातबिनै सञ्चालनमा रहेको पाइएपछि बन्द गरिएको छ । मेचीनगर नगरपालिकाको बजार

बाँकी ४ पेजमा ▸▸

झापा कांग्रेसका छनौट क्षेत्रीय अध्यक्ष तथा प्रतिनिधि

दमक । नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत झापाका निर्वाचन क्षेत्रमा क्षेत्रीय नेतृत्व तथा महाधिवेशन प्रतिनिधि चयनको क्रम जारी छ । झापा क्षेत्र नं. ५ को क्षेत्रीय सभापतिमा रवि केसी न्यौपाने निर्वाचित भएका छन् ।

क्षेत्रीय अधिवेशनमा न्यौपानेले ४४१ मत प्राप्त गर्दै प्रतिस्पर्धी रोशन विष्टलाई पराजित गरेका हुन् । विष्टले ४२१ मत पाए । यस्तै, क्षेत्रीय सचिवमा आत्माराम राजवंशी निर्वाचित भएका छन् । त्रिपक्षीय प्रतिस्पर्धामा राजवंशीले २९७ मत प्राप्त गर्दा तिलोचन आचार्यले २४३ र पुरण अधिकारीले २२२ मत पाए ।

सहसचिवमा टंकप्रसाद ढकाल तथा सदस्यमा डार्बिन संग्रौला, रबिन्सन रिजाल, लावन्य खतिवडा, गणेश गौतम, मानबहादुर दाहाल, एकराज प्याकुरेल, नगेन्द्र दाहाल, सोमलाल धिमाल, डम्बरबहादुर गुरूङ, मेहरमान पाण्डे, शान्ती पौडेल, विनु खतिवडा र चमला धिमाल चयन भएका छन् । सभापति र सचिवबाहेक अन्य पदमा सर्वसम्मत भएको हो ।

पूरानै अनुहार हावी

झापा क्षेत्र न. ५ को निर्वाचनबाट कांग्रेस महाधिबेशन प्रतिनिधिहरूमा अधिकांस पूरानै अनुहार निर्वाचित भएका छन् । महाधिबेशन प्रतिनिधितर्फका खुला तथा अन्य सवै क्लस्टरहरूमा पूरानै अनुहारले जित हासिल गरेका छन् । जसअनुसार खुलातर्फ ढुण्डिराज भण्डारी, हुकुमसिंह राई, रोहित साह, उमाकान्त आचार्य,

बाँकी ४ पेजमा ▸▸

निजामती सेवासम्बन्धी विधेयक संसद्मा पेस गर्ने

दमक/ सरकारले संघीय निजामती विधेयक संसद्मा पेस गर्ने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले निजामती सेवासम्बन्धी विधेयक संसद्मा दर्ता गर्ने निर्णय गरेको सरकारका प्रवक्ता समेत रहेका शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिए ।

दुई दिन सर्‍यो कांग्रेस महाधिवेशन

दमक/ असोज १६ गते महाधिवेशन उद्घाटन गर्ने तय भएकोमा अब असोज १८ गते पुर्‍याइएको हो । कार्यवाहक मुख्य सचिव कृष्णप्रसाद दुलालले असोज १८ गते दिउँसो २ बजे खुलामञ्चमा महाधिवेशन उद्घाटन समारोह हुने बताए । केही दिनअघिको वर्षाका कारण उत्पन्न असहज परिस्थितिले क्षेत्रीय अधिवेशन र महाधिवेशन प्रतिनिधि चयन प्रक्रियामा ढिलाइ भएको थियो । महाधिवेशन प्रतिनिधि निर्वाचन प्रक्रिया असोज १५ गतेसम्म पनि जारी रहने देखिएपछि महाधिवेशन दुई दिन पर सारिएको हो ।

जुवाखालमा पक्राउ परेका व्यक्तिको मृत्यु

विराटनगर, असोज १३ । विराटनगरमा तास खेलिरहेको अवस्थामा पक्राउ परेका एक व्यक्तिको उपचारका क्रममा मृत्यु भएको छ । विराटनगर-१४ का ५५ वर्षीय बलराम कोइरालाको नोबेल शिक्षण अस्पतालमा उपचारका क्रममा मृत्यु भएको मोरङ प्रहरीले जनाएको छ ।

सोमबार राति तास खेलिरहेको अवस्थामा कोइरालासहित आठ जनालाई प्रहरीले पक्राउ गरी हिरासतमा राखेको थियो । मंगलबार बिहान बेहोस अवस्थामा भेटिएपछि उनलाई कोशी अस्पताल हुँदै नोबेल अस्पताल लगिएको थियो । चिकित्सकले बिहान करिब ११ बजे उनलाई मृत घोषणा गरेका थिए । प्रहरीका अनुसार कोइरालाको यसअघि सडक दुर्घटनामा परी टाउकोको शल्यक्रिया गरिएको थियो। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

चाडपर्व लक्षित खाद्य सामग्रीको झापामा सहुलियत मूल्य

दमक / दसैं, तिहारलगायतका चाडपर्वलाई लक्षित गर्दै झापामा चामल, चिनी र नुनको सहुलियत मूल्य निर्धारण गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलको संयोजकत्वमा सोमबार बसेको बैठकले चामल, चिनी र नुनको सहुलियत मूल्य तोकेको हो । बैठकमा कृषि सामग्री कम्पनी लिमिटेड, साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका कार्यालय प्रमुखहरूको

बाँकी ४ पेजमा ▸▸

बिर्तामोडमा युवतीलाई पेट्रोल छर्की आगो लगाउन खोज्ने पक्राउ

बिर्तामोड । बिर्तामोड-५ मा युवतीलाई हातखुट्टा तथा घाँटी बाँधेर पेट्रोल छर्की आगो लगाउन खोजेको आरोपमा प्रहरीले एक भारतीय नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारत किशनगञ्जका ४२ वर्षीय दिलिपचन्द्र राय रहेका छन् । उनी बिर्तामोडस्थित अमृतभोग मिठाई पसलमा काम गर्दै आएका थिए ।

प्रहरीका अनुसार राय गएराति करिब १०:३० बजे २२ वर्षीया युवतीको कोठामा पेट्रोल लिएर पुगेका थिए । मादक पदार्थ सेवन गरेका उनले तन्ना च्यातेर युवतीको हातखुट्टा र घाँटी बाँधी शरीरमा पेट्रोल छर्केर आगो लगाउन खोजेको आरोप छ । घटनाबारे सूचना पाएलगत्तै पुगेको प्रहरीले रायलाई नियन्त्रणमा लिएको हो । घाइते युवतीको मनमोहन अस्पताल, बिर्तामोडमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार रायले युवतीलाई करिब ७० हजार रूपैयाँ सापटी दिएको र रकम फिर्ता नदिएपछि यस्तो गरेको बताएका छन् । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

इटहरीका १५ सहकारीलाई ३५ दिनको अल्टिमेटम

इटहरी। इटहरी उपमहा नगरपालिकाले आफ्नो नियमन क्षेत्रभित्र रहेका १५ वटा सहकारी संस्थालाई आवश्यक विवरण तथा कागजात बुझाएर ३५ दिनभित्र संस्था अद्यावधिक गर्न अल्टिमेटम दिएको छ ।

नगरपालिकाको सहकारी शाखाले सूचना जारी गर्दै लगातार दुई वर्षभन्दा बढी समयदेखि अनिवार्य विवरण नबुझाएका सहकारीको नामावली सार्वजनिक गरेको हो । नगर सहकारी ऐन, २०७५ को दफा ५२ तथा नगर सहकारी नियमावली, २०८० को नियम ५५ बमोजिम सूचना जारी गरिएको नगरपालिकाले जनाएको छ ।

सहकारी संघ/संस्था दर्ता, सञ्चालन, अनुगमन तथा नियमनसम्बन्धी मापदण्ड, २०८० अनुसार सार्वजनिक गरिएका ती संस्थालाई सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आवश्यक कागजातसहित उपमहानगरपालिकाको कार्यालयमा सम्पर्क गर्न भनिएको छ ।

तोकिएको अवधिभित्र सम्पर्क गरी संस्था अद्यावधिक नगरेमा प्रचलित कानुनबमोजिम थप कारबाही तथा संस्था खारेजीसम्मको प्रक्रिया अघि बढाउन सकिने नगरपालिकाले चेतावनी दिएको छ ।

नगरपालिकाले सहकारीहरूबाट हालसम्म नबुझाइएका वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन, वार्षिक कार्यक्रम, नीति तथा योजना, सञ्चालकहरूको नाम-ठेगानासहितको विवरण र साधारणसभा

बाँकी ४ पेजमा ▸▸

मानव गतिविधिका कारण कछुवा लोप हुँदै

दमक/ झापाका सिमसारहरूमा भेटिने कछुवा आजकल भेटिन छाडेका छन् । पूर्वी नेपालमा पाइने नरम खपटे कछुवाका केही प्रजाति मानव गतिविधिका कारण थप जोखिममा परेका छन् । गहिरो नदी, जलाशय तथा सिमसारमा निर्भर हुने यस्ता कछुवाको वासस्थानमा अतिक्रमण बढ्नुका साथै अवैध सिकार, मासु तथा परम्परागत प्रयोग र अवैध व्यापार चुनौतीका रूपमा देखिएको बताइएको छ ।

सुनसरी, मोरङ, झापा र सप्तरीका नदी तथा सिमसारमा विष वा करेन्ट प्रयोग गरेर माछा मार्ने कार्यले कछुवा र अन्य जलचरलाई समेत असर पुर्‍याउने संरक्षणकर्मी बताउँछन् । माछा मार्ने क्रममा जाल र बल्छीमा परेका कछुवा घाइते हुने, निसास्सिने वा मर्ने जोखिमसमेत बढी हुने बताइएको छ । सडक, बस्ती, कृषि, उद्योग तथा अन्य पूर्वाधार विस्तारका कारण कछुवाको प्राकृतिक वासस्थान टुक्रिँदै गएको बताइएको छ ।

तराईका नदी, पोखरी, तालतलैया, सिमसार तथा चुरेक्षेत्रका खोल्सामा सहजै देखिने कछुवा पछिल्लो समय दुर्लभ बन्दै गएको छ । मानवीय क्रियाकलापका कारण कछुवाको वासस्थान क्रमशः मासिँदै जाँदा दुर्लभ बन्दै गएको हो ।

पानीका स्रोत तथा सिमसार अतिक्रमण, वासस्थान खण्डीकरण, अवैध सिकार तथा संकलन, माछा मार्ने क्रममा जालमा पर्ने, विष तथा करेन्टको प्रयोग, सडक निर्माण र जल प्रदूषणका कारण कछुवाको वासस्थान साघुरिँदै गएको संरक्षणकर्मी बताउँछन् । नेपालमा कछुवाका १८ प्रजाति अभिलेख गरिए पनि तीमध्ये १२ प्रजाति विश्व संरक्षण संघ (आइयुसिएन) को संकटापन्न श्रेणीमा रहेका छन् ।

कछुवा तथा सरिसृपसम्बन्धीमा चाइनिज एकेडेमी अफ साइन्सेसबाट विद्यावारिधि गर्दै आउनुभएका अनुसन्धानकर्ता अस्मित

बाँकी ४ पेजमा ▸▸

दमक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय दमक झापाको

नागरिक सहायता कक्ष सञ्चालन सम्बन्धी सूचना

दमक नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरूलाई आवश्यक सहयोग गर्ने एवं सुशासनको प्रत्याभूति दिलाउने उद्देश्यले आजका मितिबाट **दर्ता चलानी उपशाखा** सँगै रहने गरी **नागरिक सहायता कक्षमा कर्मचारी**को **व्यवस्था** गरिएको हुँदा अब उप्रान्त कार्यालयसँग सम्बन्धित **फारम भर्ने, निवेदन लेख्ने जस्ता कार्यहरु नागरिक सहायता कक्षबाट निःशुल्क** रुपमा हुने हुनाले बाहिरका अनधिकृत व्यक्तिलाई उल्लेखित कामका लागि कुनै पनि शुल्क बुझाउनु नपर्ने ब्यहोरा सम्बन्धित सबै सरोकारवाला तथा सेवाग्राहीहरूको जानकारीका लागि अनुरोध छ ।

सम्पादकीय

विपद्को चपेटामा देश

बंगालको खाडीमा उत्पन्न न्यून चापीय प्रणालीका कारण असोज महिनामा देशका विभिन्न भागमा भएको भारीदेखि अति भारी वर्षाले फेरि एकपटक नेपाली समाजलाई प्राकृतिक प्रकोपको कथा सम्झाइदिएको छ । यस किसिमका विपद्का घटनाहरुले मुलुकमा निम्त्याउने मानवीय तथा भौतिक क्षति गम्भीर चिन्ताको विषय बनेको छ ।

पछिल्लो एक महिनाको अन्तरालमा मुलुकले भोगेका दुई ठूला प्राकृतिक विपद्का घटनाले हाम्रो भौगोलिक संवेदनशीलतातर्फ गम्भीर संकेत गरेका छन् । भदौ महिनामा भोटेकोशीमा आएको भयानक बाढी र त्यसलगत्तै असोज महिनामा भएको अविरल वर्षाका कारण उत्पन्न बाढी तथा पहिरोले देशलाई ठूलो क्षति पुऱ्याएको छ । यी दुवै घटनामा हजारौं नागरिकले ज्यान गुमाउनुका साथै ठूलो संख्यामा मानिसहरु बेपत्ता हुनु समग्र राज्य संयन्त्र र नागरिक समाजका लागि ठूलो चुनौती हो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यस अवधिमा भएको धनजनको क्षति अपूरणीय छ र यसले राष्ट्रिय अर्थतन्त्र तथा सामाजिक संरचनामा दीर्घकालीन असर पार्नेछ ।

यद्यपि, पछिल्लो विपद्का समयमा देखिएको पूर्वतयारी र प्रतिकार्यका प्रयासहरु केही हदसम्म सकारात्मक रहेका छन् । मौसम पूर्वानुमान सार्वजनिक भएलगत्तै जोखिमयुक्त जिल्लाहरुमा सवारी आवागमनमा रोक लगाइनु र ७७ वटै जिल्ला सुरक्षा समितिहरुले सक्रियतापूर्वक पूर्वतयारी र उद्धारका काम गर्नु सराहनीय पक्ष हो । बाढी र पहिरोको उच्च जोखिममा रहेका हजारौं नागरिकहरुलाई समयमै सुरक्षित स्थानमा सार्न सकिएको कारण सम्भावित धेरै ठूलो मानवीय क्षति टरेको छ । यसबाट के स्पष्ट हुन्छ भने, प्रभावकारी सूचना प्रणाली, समयमै गरिएको सतर्कता र सुरक्षा निकायको तत्परताले विपद्बाट हुने क्षतिलाई न्यूनीकरण गर्न महत्वपूर्ण भूमिका खेल्छ । तर, भोटेकोशीको बाढी जस्ता अप्रत्याशित र ठूला विपद्हरुको व्यवस्थापनमा भने हाम्रा प्रशासनिक तथा प्राविधिक क्षमता अझै सीमित देखिएका छन् ।

अबको मुख्य प्रश्न भनेको यस्ता प्राकृतिक विपद्का घटनाहरुबाट स्थायी रुपमा कसरी बच्ने र क्षतिलाई न्यूनतम कसरी गर्ने भन्ने हो । नेपालको भू-बनोट प्राकृतिक रुपमै कमजोर र संवेदनशील रहेको छ, जसले गर्दा जलवायु परिवर्तनको असरसँगै अतिवृष्टि, बाढी र पहिरोका घटनाहरु आगामी दिनमा अझ बढ्ने वैज्ञानिकहरुको आकलन छ । साथै, स्थानीय तहदेखि नै सामुदायिक स्तरमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी जनचेतना जगाउनुका साथै स्वयम्सेवक टोलीहरुलाई प्रशिक्षित गर्नु पर्दछ । सरकार, सुरक्षा निकाय, विभिन्न संघसंस्था र नागरिकको सामूहिक प्रयासबाट मात्र यस्ता प्राकृतिक प्रकोपको जोखिमलाई सामना गर्न र भविष्यमा हुने क्षतिलाई रोक्न सकिन्छ ।

विपद् व्यवस्थापन केवल राहत वितरणमा मात्र सीमित नरही पूर्वतयारी, खोज, उद्धार, पुनर्स्थापना र दीर्घकालीन जोखिम न्यूनीकरणको एक एकीकृत चक्र बन्नुपर्छ, जसले मात्र नेपाली नागरिकको जीवनको सुरक्षा सुनिश्चित गर्न सक्छ ।

एउटा पुरानो सम्झनासँग लहरिएको ताजा प्रसंगअस्त परम्परा पुनरावृत्त हुन थालेको हो ?

नकुल काजी

भोटेकोशी-त्रिशुली जलप्रलय प्रकोप-पीडितहरूलाई नेकपा(एमाले)-ले पनि सो पार्टीका माथिल्ला-तल्ला दर्ज्यानी कमरेडहरू हस्ते स्थलगत रूपमा राहत-सहयोग वितरण गरेको समाचारहरू आएका थिए । ती समाचारहरूमा सो पार्टीले वितरण गर्न तयार गरेका सामग्रीहरू अध्यक्ष खड्गप्रसाद ओलीलाई छुवाएका तस्वीरहरू पनि भरमारै आएका हुन् । अझ सो पार्टीका निकटवर्ती रहरेहरूले त त्यस्ता तस्वीरले, केही समय, झन्नै इन्टरनेटका सबै धरातल नै भरेका थिए ।

पोर-परार कोरियाको युनिभर्सल चर्चकी प्रमुख, विश्वका निकैवटा देशमा परिचित महिला, हाक जा हान मुन (क्रिश्चियन धर्म प्रचारिका), उनका संगतिया-सहायकहरूको दलबलसहित, काठमाडौं आएकी थिइन् । त्यसबेला खड्गप्रसाद ओली प्रधानमन्त्री थिए र ती महिला चार दिन काठमाडौंको सोल्टी होटेलमा बसुन्जेल उनी (ओली) बोरिया-बिस्तरासहित उही होटलमा बसेका थिए । उनी मात्र होइन, पूर्व प्र.म. माधव नेपाल लगायतका क्रिश्चियन धर्मावलम्बी नेताहरू पनि त्यो अवधिभर सोल्टी होटलमै, उसरी नै गएर, बास बसेका समाचार काठमाण्ड्यौले पत्र-पत्रिकाले भरमार छापेका थिए । ती कोरियन महिलालाई 'देवी'-कै साक्षात अवतार मानेर उनले ल्याएकी 'होली वाइन्' ('पवित्र रक्सी' ?) ब्राण्डको रक्सी ग्लास-ग्लासमा हालेपछि उनैलाई छुन लगाएर त्यहाँ पुगेकाहरूका हात-हातमा थमाइन्थ्यो र उनीहरूले अमृत समान ठानेर पिएका कथा पनि ती समाचारहरूका पेटबोलीमा स्पष्ट खोलिएका थिए ।

यसपल्ट भोटेकोशी-त्रिशुलीको जलप्रलयकृत विध्वंशका पीडितजनलाई जिन्सी राहत वितरण गर्दा एमालेका कमरेडहरूले पनि त्यही शैली अप्नाएको देख्ता यो कलमीको दिमागमा प्रखर राजतन्त्रकालमा सुनेको अर्को एउटा घटनापरक कथाले कुत्कुत्याएको थियो । योसँग ठ्याक्कै मिल्दोजुल्दो, जनभावनात्मक राजभक्ति तथा राजा र रैतीबीचको पौराणिक कथाहरू जस्तो लाग्ने नाता जीवन्त बनाउने सत्यकथा(?) थियो त्यो, जो यो कलमीको स्मरणमा लुँडिएर आएको थियो ।...

त्यो कथा -२०३७ सालको हो ।

देश पाँच 'विकास क्षेत्र'-मा विभक्त भइसकेको थियो । र, राजा-रानीबाट सालिन्ने पालैपालो ती विकासक्षेत्रका जिल्ला-जिल्लामा समेत 'सवारी' भ्रमण हुने गर्नेक्रम बसेको थियो । पूर्वाञ्चल विकासक्षेत्र भ्रमणको पालोमा राजा-रानी (राजा वीरेन्द्र र रानी ऐश्वर्य)-को एक दिन झापा सदरमुकाम चन्द्रगढीको रंगशालामा 'सवारी' भएको थियो । रंगशालाको पश्चिमतिर त्यही प्रयोजनका लागि अस्थायी हेलिप्याड बनाइएको थियो । त्यहाँदेखि रंगशालाभित्रको मञ्चसम्मै दुईतिर जल र फूलले भरिएका घडाहरू लहरै सजाएर बीचमा तुल ओछ्याइको अनि तुलमाथि लावा, फूल र दुबो छरिएको 'सवारी मार्ग' सज्जित थियो । अर्थात् , हेलिकप्टरमा आएका राजा-रानी त्यही तुल कुल्चेर मञ्चमा 'राज' भएपछि स्वागत समितिले तय गरेको विविध कार्यक्रम सम्पन्न भयो र राजा-रानी फर्किए । 'सवारी भ्रमण'-मा केही समय त्यस्तै धुमधाम हुन्थ्यो !...

अतः राजा-रानीको 'सवारी चलाउन' त्यसरी सफल भएको खुशीयालीमा त्यसपछि मेची अञ्चलाधीशले चियापानको कार्यक्रम राखेका रहेछन् । अञ्चलाधीश कार्यालय परिसरमा निकै बाक्लो उपस्थिति थियो । निम्याइएकाहरूमा स्थानीय पत्र-पत्रिकाका सम्पादकहरू सबै परेका थिए र त्यसबेला त्यस्तो कार्यक्रममा उपस्थिति लगभग अनिवार्य थियो ! त्यहाँ जिल्लाका तत्कालीन अग्रज पञ्च नेताहरू र यो कलमी लगायतका सम्पादकहरू बाह्र-पन्ध्र जनाको बेग्लै जमघटमा प्रफुल्ल मुद्रामा अञ्चलाधीश रमाइलो गफ हाँक्तैथे । स्वागत समितिका सचिव रहेका डा. हृषीकेश उपाध्याय केही ढिलो आइपुगे र धमाधम भन्न थाले -"...कठै हाम्रो नेपाली खुन र मन-मस्तिष्कमा राजतन्त्र र राजा-रानीप्रति कति गहिरो र पवित्र भक्तिभाव छ ! राजा-रानीलाई देवता-देवी नै मान्छन् ।" ...उनी एकाएक भक्कानिँदै र आँखा आँशुले भर्दै भन्दै गए -"अहिले भर्खर मैले देखेर आउँदैछु - एउटी बूढी आमै अघि 'सरकार'-हरू सवारी हुँदा कुल्चिबक्सेको तुलमाथि छरिएका लावा र फूलहरू बटुल्दै गरेको देखें र सोधेको, उनले -'यो राजा-रानीका पाउले छोएको पवित्र पर्साद हो, घरमा लगेर पूजाथानमा राखेर पूजा गर्छु । राजा-रानी त साक्षात देवदेवी पो हुन् त !'...भनिन्" डा. हृषीकेशले आँखा पुछ्तै र नाक सफा गर्दै भन्दै गए -" ती आमैको भनाइले मेरो मनै गदगद भयो र आँखामा खुशीका आँशु रसाए ।...फेरि अलि पर्तिर एकजना बूढा मान्छे टोपी झिकेर त्यो तुलको दुईतिरका घडाबाट पानी छचल्काउँदै टाउकोमा छिट्तै गरेको देखें र सोधेको उनले त झन् खुसी भएर - यस्तो मौका सँधै कहाँ आउँछ ? यी घडाहरूमाथि राजा-रानीको छायाँ परेकाले यिनमा भरिएको यो जल त गङ्गाजलभन्दा पवित्र छ । यसलाई शिरमा छिट्ता सबै 'पाप पखालिन्छ' भने जस्तो बखान पो लाए । लु हेर्नु त, राजा-रानीमाथि कत्ति गहिरो आस्था अहा ! भगवानकै अवतार पो ठान्छन् त, भगवानकै अवतार !"... त्यहाँ उनले दाहिने-देब्रे कतै नहेरी एकोहोरो निकै लामो प्रशस्ति गाएका थिए ।...

त्यस्ता अनभिज्ञ वा अस्तप्राय: संस्कारजन्य भाव बोक्ने बूढाबूढीका कुराले आत्मोल्लोलित भई, समाजले देख्नेगरी भक्कानिँदै र आँशु झार्दै, आफू 'हदैको राजभक्त' सावित गर्न कोहीभन्दा पछि नपर्ने डा. हृषीकेश मौका-मौकामा यसरी नै प्रस्तुत हुने गर्थे ।... त्यस दिनको उनको सो कथालाई त त्यहाँ उपस्थितमध्ये केहीले पछिसम्मै 'मजाक'-को विषय बनाएको समेत यो कलमीको स्मरणमा छ । ...

तर, २०४६ को परिवर्तन लगत्तै डा. हृषीकेश पनि परिवर्तित भएर नेपाल कम्युनिस्ट पार्टी (एकता केन्द्र)-का झापा अध्यक्ष भएका थिए ! त्यसपछि उनी राजतन्त्र र राजाको कुरो सुन्नासाथ ततर्किन थालेका थिए ।

हुन त, तिब्बतका (हाल निर्वासित) धार्मिक नेता दलाई लामाका समर्थकमध्ये अधिकांश कस्ता नैष्ठिक पनि थिए भने दलाई लामाको दिसा-पिसाबलाई मात्र होइन उनले दिसा-पिसाब गरेको भूइँ समेत गहिरोसम्म खनेर सो माटो टाउकोमा बेकेर लगी चोखो ठाउँमा, पूजापछि मूर्ति सेलाउने चलन जसरी नै, सेलाउँथे पनि भनिन्थ्यो । उनका त्यस खालका भक्तमध्ये कतिपय अहिले चीनका विश्वासपात्र बनेका छन् पनि भनिन्छ ।

अर्थात् , कम्युनिस्ट सिद्धान्तवाहीहरू अन्यहरू जस्तो रुढ सनातनी (अर्थोडक्स ?) हुँदैनन् भन्ने यो कलमीको अध्ययन थियो । तर, माथि उल्लिखित घटना सन्दर्भमा डा. हृषीकेश र उनले अतिरञ्जनासाथ उल्लेख गरेका बूढा-बूढीका कथन जस्तै कम्युनिस्ट पनि आफ्नो राजनीतिक समूहमा 'सर्वशक्तिमान मालिक' रहेकाका प्रति दिलो-दिमाग समर्पित हुँदा रहेछन् भन्ने भोटेकोशी पीडितलाई पार्टीका तर्फबाट राहत वितरण गर्दाका शुरु दृश्यहरूले देखाएको छ । अझैं पनि, एकातिर राजा वा राजतन्त्रकालका कुरा मुखमा आउनासाथ कुल्ला गरुँला झैं गर्ने कित्ताकाहरूले उही कालका 'संस्कारी परम्परा'-को अनुगमन गर्दा रहेछन् नि, कि कसो ? भन्ने संशयले त यो कलमीलाई कुत्कुत्याइरहेकै छ । तर, त्यो कुत्कुतीको बिस्तृत नालीबेली लाइहाल्ने अझै केही समय पर्खनु पर्ने अवस्था पनि छ । किनभने, हिजो-अस्ति मात्र 'सडकछाप' र 'आवाराहरू'-को असौभ्य उपाधि पाएकाहरू भर्खर त, सायद 'पुराना पोल' खोलिने धम्की (ब्ल्याकमेलिङ ?) -मा परेर हुनसक्छ, गल्न थालेका छन् । अरू को-को कस्तो-कस्तो बल्छीमा फस्नबाट जोगिनकै लागि गल्दै जाने हुन् ! यो सम्भावना पनि खोइ कमजोर देखियो त ?

सामाजिक सञ्जाल

बालेनको सम्बोधनभन्दा ठूलो कुरा नेपालले उठाएको मुद्दा

नारायण गाउँले, प्रवासबाट

प्रधानमन्त्री बालेन्द्र शाहले संयुक्त राष्ट्रसंघको महासभामा जलवायु परिवर्तन र जलवायु न्यायको विषय उठाएपछि नेपालमा पक्ष-विपक्षमा चर्चा भइरहेको छ । तर बहसको केन्द्र प्रधानमन्त्रीको व्यक्तित्व, पहिरन, यात्रा शैली वा अन्तर्राष्ट्रिय मञ्चमा पाएको स्वागतभन्दा नेपालले विश्वसामु के मुद्दा राख्यो र त्यसलाई अब कसरी अघि बढाउने भन्नेमा हुनुपर्ने देखिन्छ । जलवायु परिवर्तन नेपालका लागि नयाँ विषय होइन । हिमाल पग्लिनेदेखि बाढी, पहिरो, अनियमित वर्षा र पर्यावरणीय क्षतिसम्म नेपालले यसको असर भोगिरहेको छ । जलवायु न्याय र क्षतिपूर्तिको विषय पनि नेपालले लामो समयदेखि अन्तर्राष्ट्रिय मञ्चमा उठाउँदै आएको हो । त्यसैले अहिले प्रधानमन्त्रीले यही मुद्दा उठाउँदा त्यसलाई केवल 'बालेनको एजेण्डा' का रूपमा बुझ्नु अपूर्ण हुन्छ । यो नेपालको राष्ट्रिय सरोकार हो ।

संयुक्त राष्ट्रसंघको महासभामा नेपालसहित १९३ देशले आ-आफ्ना मुद्दा राख्छन् । अधिकांश नागरिकले अरू देशका सम्बोधन सुन्दैनन्, कतिपयले आफ्नै देशको सम्बोधनसमेत चासोपूर्वक सुन्दैनन् । त्यसैले एउटा भाषणले तत्काल विश्वव्यापी प्रभाव पार्नैपर्छ भन्ने अपेक्षा पनि यथार्थपरक होइन । तर अन्तर्राष्ट्रिय कूटनीतिमा बोल्नु आवश्यक छ, नबोली पनि हुँदैन । तर भाषणपछि वास्तविक काम सुरु हुन्छ । जलवायु क्षतिपूर्तिको मागलाई बलियो बनाउन नेपालसँग तथ्य, अनुसन्धान र प्रमाण हुनुपर्छ । नेपालले बेहोरेको क्षतिको आर्थिक मूल्यांकन, जोखिमको वैज्ञानिक अध्ययन र अन्तर्राष्ट्रिय कानुनी तथा कूटनीतिक आधार तयार गर्नुपर्छ । सम्बन्धित देश, अन्तर्राष्ट्रिय संस्था र अन्य प्रभावित मुलुकसँग निरन्तर संवाद र सहकार्य आवश्यक हुन्छ ।

त्यससँगै नेपालले आफ्नै नीतिबारे पनि स्पष्ट हुनुपर्छ । जलवायु न्याय माग्दै गर्दा ऊर्जा, उद्योग, यातायात, वन र पूर्वाधार विकासको हाम्रो मोडल कस्तो हुने? भोलि नेपालमै ठूलो पेट्रोलियम स्रोत भेटियो भने के गर्ने? बाह्य उत्सर्जनका कारण क्षतिपूर्ति माग्ने नेपालले आफ्नै विकासका निर्णयमा वातावरणीय जिम्मेवारी कसरी निर्वाह गर्ने? यस्ता प्रश्नको उत्तर पनि आवश्यक छ ।

यसकारण प्रधानमन्त्रीको महासभा सम्बोधनलाई न त व्यक्तिपूजाको विषय बनाउनुपर्छ, न त विरोधका लागि मात्र प्रयोग गर्नुपर्छ । बालेनले बोलेका कारण मुद्दा महत्त्वपूर्ण भएको होइन; मुद्दा महत्त्वपूर्ण भएकाले प्रधानमन्त्रीले बोलेका हुन् ।

हाम्रो सार्वजनिक बहस भने धेरैपटक मुद्दाभन्दा आवरणमा अल्झिन्छ । कुन जहाज चढे, कुन गेटबाट छिरे, कसरी अभिवादन गरे, कस्तो कपडा लगाए भन्नेमै चर्चा सीमित हुन्छ । अन्तर्राष्ट्रिय मञ्चमा नेपालको क्षति, जलवायु न्याय र क्षतिपूर्तिको माग कति प्रभावकारी ढंगले राखियो भन्ने प्रश्नचाहिँ पछाडि पर्छ । प्रधानमन्त्री विदेशमा हुँदा उनीसँगै नेपालको प्रतिनिधित्व हुन्छ । त्यसैले काम, परिणाम र नीतिका आधारमा समर्थन वा आलोचना हुनु स्वाभाविक हो । तर बहस व्यक्तिको बाह्य आवरणभन्दा माथि उठेर राष्ट्रिय मुद्दामा केन्द्रित हुनुपर्छ । महासभामा एउटा सम्बोधन भयो । अब त्यसलाई निरन्तर कूटनीतिक पहल, विज्ञको अध्ययन, राष्ट्रिय बहस र अन्तर्राष्ट्रिय सहकार्यमा बदल्न सकिन्छ कि सकिँदैन–मुख्य परीक्षा यही हो । जलवायु न्याय बालेन्द्र शाहको मात्र मुद्दा होइन । यो नेपालको मुद्दा हो, र यसको लडाइँ लामो छ ।

हेपिएको पात्र

अशेष अधिकारी

मलाई सबै जनाले सुस्त मनस्थितिको मानिस भन्छन। मेरो मस्तिस्कमा बादल जमेको छ । मेरो हृदयको धारमा सँधै द्वन्द चलिरहन्छ । मलाई कसैले साथ दिंदैनन् । पिडा भएको बेला एकोहोरो पागलको धुनमा हेप्न खोज्छन् । मलाई कठोर सजाय मिलेको छ । मेरो आफ्नै नजिकैको साथीले पनि मलाई मानिस जसरी हेर्दैनन्। मेरो जीवन मरे तुल्य छ । म संग सहारा दिने मानिस कोहि पनि छैन । म एकोहोरो आँफै भित्र रोइरहन्छु । मेरो मस्तिस्कमा एकोहोरो काँटा बिझिरहन्छ । थाहा छैन म कता तिर जाउँ ? मैले जता गए पनि मलाई कसैले पनि मायाको दृस्टीले हेर्दैनन् । म हेलाँको पहाडले किचिएको छु ।

म संग जप्ने कुनै मन्त्र छैन, सायद मेरो मस्तिस्कको पिडाले मलाई निरन्तर खाई रहेको छ। सायद म रसिलो छु र पोसिलो छु । मलाई पिडाले पकवान बनाउँछ । मलाई मन पर्ने ठाउँले पनि मलाई कोसौं टाढाबाट गिज्याई रहन्छ । मेरो स्वार्थ केन्द्रित सोचाई केहि पनि छैन तर मलाई सबैले आफ्नो स्वार्थमा पार्न खोज्छन। म बौलाउन सक्दिन किनकि बैलाउनु भनेको आनन्दमा डुब्नु हो । म त केवल अरु बौलाएको हेरेर दुखि हुन मात्र सक्छु । म त केवल एउटा निर्जीव वस्तु हुँ । म संग कुनै प्राण छैन र मलाई कसैले पनि प्राण हाल्न पनि चाहंदैनन् । म दिन प्रतिदिन कमजोर हुँदै जाँदै छु ।

म बाटोमा राम्ररि हिंड्न सक्दिन किनकि उर्जा बटुल्ने ति दानवहरुले मलाई उर्जाको श्रोत सम्झनछन । म दिन प्रतिदिन दानवहरुको भोजन बनिरहेको छु । ति दानवहरु अरु कोहि नभएर सबैले मानव सम्झिएका अत्याचारीहरु हुन् । सायद दानवहरुको समाजमा दानवलाई मानव सम्झनछन् । आखिर म त निर्जिव न परें, मलाई त कुनै पिडाको बोध हुँदै हुँदैन । मलाई बटुल्नेहरु म जस्तालाई मेसिन बनाउँछन् । म जस्ता यति कमजोर छौं कि बटुलिनको लागि सहमत भई नै हाल्छौं । स्वर्गमा सायद म जस्तालाई कुनै ठाउँ छैन किनकि म त चेतनाको स्तर खस्किएको मान्छे । स्वर्गमा पनि बोलि नै बिक्छ भने म नरक मै होमिन तयार छु । मेरो मेहेनतलाई केवल एउटा रोबोटले गरेको काम सम्झिन्छन् । मलाई त कहिल्यै थकाई पनि लाग्दैन। कहिल्यै थकाई लागे नलागेको पनि सोधिंदैन ।

मलाई कसैले गिज्याएर भन्ने गर्दछन कि यो मानिस हाँस्दैन पनि रुँदैन पनि कतै यो कृष्ण त होइन ? म उनीहरुको हाँसोमा मिसिएको व्यंग्य बुझ्न सक्दिन म पनि खुसि भई दिन्छु । म केहि मात्रामा भए पनि काम लाग्ने त भएछु । म केहि मात्रामा भए पनि कसैको खुसीको श्रोत त भएछु । मलाई मुल्यांकन गर्नेहरु मलाई वास्तवमा मुल्यांकन गर्दैनन्। उनीहरु त अरुको उधारो धारणालाई लिन्छन । त्यहि उधारो धारणाले गर्दा म लामो समय देखि कमजोर भई रहेको छु । मलाई देख्नेले मलाई देख्छ तर अर्कै ढाँचामा देख्छ । मेरो स्वरुप उनीहरुको नजरमा अर्कै आकारको हुन्छ । म मानव समुदायमा नै गनिन्न । मलाई कहिले काहीं अपराधीको खालि ठाउँ भर्नको लागि प्रयोग गरिन्छ । यदि म उठें भने म भन्दा अगाडि बलियो भएका दानवहरुले मेरो हँसी मजाक गर्नेछन् । मलाई कसैले पनि राम्रो काम गरे पनि श्रेय दिने छैनन् ।

म दसकौं देखि निन्दाको विषय बनेको छु । म दसकौं देखि अरुको मनोरंजन र हँसी ठट्टाको विषय बनेको छु । म स्कुलमा पढ्दा देखि नै सबैको समय बिताउने साधन बनेको थिएँ । कसैलाई अल्छी लाग्यो भने मेरै मजाक बनाउँथे । मेरो मस्तिस्क यति सम्म भाव विहिन बन्न पुगेको थियो कि म त्यसको कुनै जवाफ दिन सक्दिन थिएँ । म संग सब्दहरु कम थिए । मेरो भावना सब्द नभेटेर छट्पटाईरहेको थियो । शब्दहरुले कुनै पनि निस्कासनको बाटो पाउन सकेका थिएनन् । म अहिले आएर उठ्न खोजें भने ति पुराना दुस्टहरु म माथि फेरी हाँस्नेछन् । उनीहरुलाई मेरो पुरानो स्वरुप मै उनीहरु हेर्न रुचाउँछन् । किनकि पुरानो स्वरुपमा उनीहरु मलाई दबाउन सक्छन। तर म अहिले बलियो बन्ने प्रयासमा छु ।

म कमजोर हुँदा मलाई मान्छेमा पनि नगन्नेहरु अहिले म बलियो हुने तरखरमा हुँदा पनि मलाई कमजोर नै भएको हेर्न चाहन्छन् । उनीहरुले यत्तिका वर्स सम्म न केहि हितको काम गरे । उनीहरुले त केवल यो संसारको ब्रह्माण्डमा नकारात्मक सब्दहरु मिसाएर संसारमा हत्या हिंसा र झगडा निम्त्याउने काम मात्र गरे । अहिले पनि उनीहरुले खासै केहि गर्न सकेका छैनन् । उनीहरुको अहंकार जस्ताको त्यस्तै छ तर उनीहरु अझै उनीहरुको अहंकारले गर्दा आँफुलाई ठुलो महसुस गर्न छाड्दैनन । उनीहरुले मलाई कति धेरै चोट दिए । यदि भगवानले पनि उनीहरुलाई सजाय दिनु हुँदैन भने म नास्तिक बन्न तयार छु । म आफ्नो कोठामा राक्षसको तस्विर राखेर आफ्नै रगत चढाउन तयार छु । यहि एक आस छ कि यो संसार भन्दा पर अर्को संसार पनि छ र त्यो संसारमा उनीहरुले सजाय भोग्नेछन् । उनीहरुले अवस्य सजाय भोग्नेछन् र विधि संवत तरिकाले भोग्नेछन् ।

यदि मैले कसैलाई आफ्नो विगत वा वर्तमानको पिडा सुनाउने चेष्टा गरें भने उनीहरु हाँस्न थाल्छन। उनीहरुको लागि म जस्ता निर्जीवको पिडा कहिल्यै पनि पिडा नै हुँदैन । उनीहरुको लागी म पिडा विहिन निर्जिव वस्तु हुँ । उनीहरुले आफ्नो जीवनको अन्योलता र अपराधलाई म माथि थोपर्न खोज्छन । म रोएर आफ्नो कहानी भन्न खोज्छु तर म रुन पनि सक्दिन। म रोएको मानिसको केवल इर्स्या मात्र गर्न सक्छु । म त पिडालाई बाहिर निकाल्न नसकेर आँफु आँफु भित्रै गुम्सिन पुग्छु । अभिभावकत्व लिएको मानिसलाई आँफु हेपिएको र चेपिएको कुरा यदि मैले सुनाएँ भने उनीहरु उल्टै मलाई नै दोसी स्विकार गर्छन किनकि पापीहरु उनीहरुको हितौसी भईसकेको छन। निर्जिव जस्तो देखिने म आफ्नो पिडालाई बाहिर निकाल्ने बाटो खोजि रहेको छु तर त्यो बाटो मैले पाएको छुइन । मैले हर प्रयास गरेर न्याय पाउन खोजि रहेको छु तर न्याय पाउन सकेको छुइन । म त केवल यो समाज, स्कुल र पब्लिक ठाउँको हँसी मजाकको एक सुस्त मनस्थितिको पात्र हुँ । सायद म कुनै दिन बाँच्ने छु र यति मजाले बांच्नेछु कि उनीहरुको निर्जिव

गौरादहमा विद्यालय र विद्यार्थी सम्मानित

गौरादह/ झापाको गौरादह नगरपालिकाले राष्ट्रिय शिक्षा दिवसको अवसरमा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी, पूर्व शिक्षक तथा विद्यालयलाई सम्मान तथा पुरस्कृत गरेको छ ।

नगरपालिकाले शैक्षिक सत्र २०८२ को वार्षिक तथा बोर्ड परीक्षामा उत्कृष्ट नतिजा ल्याउने २२ जना विद्यार्थीलाई नगद पुरस्कार र प्रशंसापत्रसहित सम्मान गरेको हो । सम्मानित विद्यार्थीमध्ये सामुदायिक विद्यालयतर्फ ११ जना र संस्थागत विद्यालयतर्फ ११ जना रहेका छन् ।

कक्षा ८ बाट उत्कृष्ट नतिजा ल्याउने ६ जना विद्यार्थीलाई जनही ७ हजार रुपैयाँ प्रदान गरिएको छ । त्यस्तै, कक्षा १० (एसइई) का ११ जना विद्यार्थीलाई जनही ८ हजार रुपैयाँ तथा कक्षा १२ का ५ जना विद्यार्थीलाई जनही ९ हजार रुपैयाँसहित सम्मान गरिएको नगरपालिकाले जनाएको छ ।

कक्षा ८ तर्फ सामुदायिक विद्यालयबाट ४ जीपीए ल्याउने यमन न्यौपाने र आविष्कार न्यौपाने तथा ३.८८ जीपीए ल्याउने सजना श्रेष्ठ सम्मानित भए । संस्थागततर्फ ४ जीपीए ल्याउने प्रान्सी बस्नेत, कृतिका घिमिरे र अस्रिन श्रेष्ठ पुरस्कृत भएका छन् ।

एसइईतर्फ सामुदायिक विद्यालयको साधारण धारमा ४ जीपीए ल्याउने भूमिका दङ्गाल तथा ३.९५ जीपीए ल्याउने फडिन्द्र घिमिरे र सौरव घिमिरे पुरस्कृत भए । प्राविधिक धारतर्फ ४ जीपीए ल्याउने अनिष भण्डारी र स्मृति नेपाल सम्मानित भए । संस्थागत विद्यालयतर्फ देसिका खतिवडा, समृद्धि सेडाई र विपिसा पाठकले ४ जीपीए तथा दिपेश ओस्ती, सम्पन्नबाबु कोइराला र श्रेयष्कर डाँगीले ३.९६ जीपीए प्राप्त गरेका थिए ।

कक्षा १२ तर्फ सामुदायिक विद्यालयको साधारण धारबाट अनिष कार्की र सर्मिला विष्ट, प्राविधिक धारबाट चेतन घिमिरे तथा संस्थागत विद्यालयबाट रोश्री घिमिरे र जेनिश विष्ट सम्मानित भए ।

कार्यक्रममा नगरका ४ जना उत्कृष्ट शिक्षक, १ जना बालविकास शिक्षक र १ जना उत्कृष्ट विद्यालय कर्मचारीलाई समेत नगद पुरस्कारसहित सम्मान गरिएको थियो । शिक्षण पेसाबाट अनिवार्य अवकाश प्राप्त ११ जना पूर्व शिक्षक तथा ३० वर्षभन्दा बढी समयदेखि अध्यापनरत एक शिक्षिकालाई दीर्घ सेवा सम्मान प्रदान गरिएको थियो ।

त्यस्तै, एसइईमा ४ जीपीए नतिजा दिन सफल ४ वटा माध्यमिक विद्यालय र ३ वटा उत्कृष्ट आधारभूत विद्यालयलाई जनही १५ हजार रुपैयाँसहित कदरपत्र प्रदान गरिएको थियो ।

समारोहमा गौरादह नगरपालिकाका नगर प्रमुख छत्रपति सुवेदीले विद्यार्थी, शिक्षक र अभिभावक शिक्षा क्षेत्रका मुख्य आधार रहेको बताउँदै शैक्षिक सुधारका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको उल्लेख गरे ।

नगर उपप्रमुख जलवर्षा राजवंशीले स्वागत मन्तव्य राख्नुभएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सुवेदी, शिक्षा विकास तथा समन्वय एकाइ झापाका प्रमुख कुमार बस्नेतलगायत जनप्रतिनिधि, शिक्षक तथा विद्यार्थीको उपस्थिति थियो । कार्यक्रममा विभिन्न विद्यालयका विद्यार्थीले सांस्कृतिक नृत्यसमेत प्रस्तुत गरेका थिए ।

खानपान र जीवनशैली

सामान्यतया खाना खाने प्लेटलाई चारवटा खण्डमा विभाजन गर्नुपर्छ । सोहीअनुसार एक खण्डमा भात । अर्को खण्डमा दाल र मासु हुनुपर्छ । र, बाँकी दुईवटा खण्डमा तरकारी र सलाद हुनुपर्छ । यसरी खान सकियो भने त्यसलाई हामी सन्तुलित आहार भन्ने गर्छौं । सन्तुलित आहारमा मासु मात्र नभएर तरकारी, कार्बोहाइड्रेट (भात वा रोटी) हुनुपर्छ ।

त्यस्तै, दसैं भनेको रातो मासुको प्रयोग धेरै हुने पर्व हो । फेरि सबैले रातो मासु नै खान्छन् भन्ने पनि छैन । कतिपयले चिकेन पनि खान्छन् । कोही शाकाहारी पनि हुन सक्छन् । यो मान्छेअनुसार फरक हुने गर्छ ।

रातो मासुको कुरा गर्दा यो खानै नहुने होइन । तर, मुटु, कोलेस्टेरोल, युरिक एसिडलगायत समस्या भएका व्यक्तिहरूले रातो मासुको सेवन गर्दा उनीहरूलाई असर गर्न सक्छ । तर, दसैंमा मासु खानेहरूले खसीको मासु खान खोज्ने हुँदा त्यस्ता व्यक्तिहरूले एक, दुई पिस खान सक्छन् । र, त्योसँगै तरकारी, सलाद र ब्यायाम भने छोड्नु हुँदैन ।

शारीरिक व्यायाम भएको छैन । घरमा बसेर खाने मात्र गरिरहनुभएको छ भने त्यसले नराम्रो गर्न सक्छ ।

यो समयमा धेरै मानिसहरु आफ्नो स्वास्थ्यप्रति सचेत हुँदैनन् । खाने भनेकै यही बेला हो भनेर आवश्यकताभन्दा बढी खाने गर्छन् । यसो हुँदा मधुमेहका बिरामीहरूमा पनि समस्या निम्तिन सक्छ ।

त्यसैले दीर्घरोगीलगयात स्वास्थ्यमा विभिन्न समस्या भएका व्यक्तिहरूले सलाद, तरकारी धेरै खानुपर्छ । पाएजति मासु खानु हुँदैन । र, नियमित रूपमा ब्यायाम गर्न आवश्यक हुन्छ । सामान्यतया दसैंको बेला मानिसहरु सबै कुराबाट आराम लिइरहेका हुन्छन् । जसले गर्दा दिनभर टेलिभिजन, मोबाइल चलाएर बसिरहेका हुन्छन् ।

यस कारण ब्यायाम नियमित गर्ने र खाना समयमा खाने गर्नुपर्छ । तर, खानामा मात्रा भने मिलाएर खानुपर्छ । अनि मात्र स्वास्थ्यमा समस्या हुँदैन । तर, जतिबेला पनि खाएको खायै गरेमा त्यसले स्वास्थ्यमा अप्ठ्यारो भने पार्न सक्छ ।

स्वास्थ्य

मुटुको कारण हुन सक्छ 'दम'

दमक/ दमका रोगीहरूलाई हर्ट अट्याक भएर मृत्यु समेत हुने जोखिम रहन्छ । बाल्यकालमा पटकपटक निमोनिया भएर छाती खराब भएका, टिवी भएकालाई दम हुन सक्छ । वंशाणुगत रुपमा पनि दम हुने संभावना छ तर, नेपालका त्यसको मात्रा एकदमै न्यून रहेको छ ।

दम निको हुँदैन तर, नियन्त्रण गर्न सकिन्छ

दमको रोगीहरूलाई तान्ने औषधी रोटाक्याप हुन्छ । मिटरडोज इन्हेलर हुन्छ । यस्ता औषधीले दम रोगलाई नियन्त्रण गर्छ तर, निको भने हुँदैन । धुम्रपान छोड्नु पर्छ, धुँवाधुलोबाट टाढा बस्नुपर्छ । यसो गर्दा बिरामीको आयु बढ्ने र दमको चाप कम गर्न सकिन्छ । पर्याप्त मात्रामा पोषिलो खानेकुरा खानुपर्छ । जाडो मौसम सुरु हुन अगाडी निमोनिया हुन नदिन भ्याक्सिनहरू लगाउनु पर्छ ।

जथाभावी अक्सिजन नलगाउँ

प्रायः दमका पुराना रोगीहरूलाई अक्सिजन लगाउनु पर्छ । तर, चिकित्सकको सल्लाह विना जथाभावी अक्सिजन लगाउन नहुने डा. बिष्टको सुझाव छ । शरीरमा अक्सिजनको मात्र कति छ जाँच्नु पर्छ । 'हाम्रो शरीरमा अक्सिजनको मात्रा ९६,९८ स्याचुरेशन हुन्छ । तर, दम भएकाहरूमा फोक्सो नष्ट हुँदै जाँदा अक्सिजन भित्र गएपनि फोक्सोबाट रक्तनलीमा राम्ररी अक्सिजन नजाँदा अक्सिजनको मात्र कम हुन्छ । ८८ स्याचुरेशन भन्दा कम अक्सिजन देखिए अक्सिजन लगाउनु पर्छ ।'

त्यस्तै, उनले मुटुको रक्तनलीमा प्रेसर बढेको, मुटुको दाहिने भाग सुन्निएकाहरूलाई अक्सिजनको मात्र ८८ देखि ९२ भएपनि अक्सिजन लगाउनु पर्ने बताए । कहिले काँही भाइरल इन्फेक्सनका कारण फोक्सोमा पानी जमेको हुन्छ । रक्तनलीमा रगतका टुक्रा जम्ने, फोक्सो फुट्ने जोखिम समेत हुन्छ । कहिले काँही कार्वनडाइअक्साइड बढ्ने, अक्सिजन घट्ने अवस्था पनि हुन्छ । त्यस्ता बिरामीलाई बाइप्याक लगाएर बिरामीलाई भेन्टिलेटर सम्म पुर्‍याउन रोक्न सकिन्छ ।

पुस्तक समीक्षा

एउटी नारीको संघर्ष र सफलताको कथा

✍ डा. व्यन्जना शर्मा



डा. सुमाया राईको 'जिन्दगी फूल सम्झे फूलै हो' शीर्षक रहेको पुस्तक जम्मा सात खण्डमा विभाजित छ । पाँच सयभन्दा बढी पृष्ठ भएको यो डा. राईको जीवन यात्रा निकै खँदिलो छ । यो पुस्तकमा धेरै कुराहरू समेटिए पनि एउटी सबल नारीको संघर्षपूर्ण जीवन कथा प्रष्ट रूपमा अगाडि आउँछ । गैर-आख्यान भैकन पनि यो पुस्तक आख्यान जत्तिकै रसिलो छ ।

मलाई लाग्छ, अहिलेको पुस्ताका व्यक्तिहरूले यो कृति पढ्नुपर्छ । यसबाट उनीहरूलाई पारिवारिक मूल्य र मान्यताका बारेमा, कर्तव्यपरायणताका बारेमा र जीवन संघर्षका बारेमा धेरै कुरा थाहा हुन्छ । यो पुस्तकले एउटा मध्यम वर्गीय नेपाली नारीको जीवन शैलीलाई बुझ्न मद्दत गर्छ ।

सुमायाको जीवन यात्रा भारतको विहार राज्यको बरौनीबाट शुरू भएर नेपाल हुँदै बेलायतसम्म पुगेको छ । यो समयभित्र उनको जीवनमा के के उतार चढाव आए र ती सबैलाई पन्छाउँदै उनी कसरी अगाडि बढिरहिन् भन्ने कथालाई लेखकले मिहिन ढंगमा बुनेकी छन् ।

उनी मुख्य रूपमा एक कर्तव्यपरायण छोरी, बुहारी, पत्नी र आमाको रूपमा प्रस्तुत भएकी छन् । यसबाहेक उनका पेशागत र सामाजिक पाटा पनि लोभलाग्दा छन् । पुस्तकको शुरूवात नै उनकी आमाले उनलाई मृत्युशैयाबाट दिएको अर्तीबाट भएको छ, "हेर ! मेरो ६ सन्तानमध्ये तिमीहरू चार जनामात्र बचाउन सक्यौँ । बडो दुःख र कष्टका साथ तिमीहरू बाँचेका हौ । तँ सबैभन्दा जेठो सन्तान होस् । तँ सोह्र वर्षकी छेस् । अरू भाइ-बहिनीहरू धेरै साना छन् । म त अब छिट्टै मर्छु होला । तेरो बाबाले अर्को बिहे गर्छन् होला । नरिसाउनू । झगडा नगर्नू । भाइ-बहिनीहरूको ख्याल गर्नू" (पृ. ३) । यसरी आमाले उनीमाथि गरेको विश्वासलाई सुमायाले कहिल्यै तोडिनन् ।

भारतमै आफ्नो बाल्यकाल बिताएकी र शिक्षादीक्षा समेत पाएकी सुमाया आˆनो विवाहपश्चात् नेपाल आउँछिन् । यहाँको वातावरण उनका लागि नितान्त नौलो भएपनि उनी त्यसबाट कत्ति पनि हडबडाउँदिनन् र आफ्नो कर्ममा लागिरहन्छिन् । बी.ए.को पढाइ शुरू गर्नेबित्तिकै बेहुली बनेर नेपाल छिरेकी सुमायाले आफ्नो अध्ययनलाई विश्राम दिइनन् । बीचमा जे जस्ता समस्या आइ लागे पनि तिनलाई पार गर्दै उनले सफलतापूर्वक विद्यावारिधि सम्म गरेरै छाडिन् ।

सुमायाको र उनका पति हिमालयको प्रेम कथा उस्तै रोमान्चक र प्रेरणादायी छ । विवाहअगाडि नै एक पटक हिमालय सारै बिरामी पर्छन् । उनी अपांगजस्तै हुन्छन् । त्यही समयमा उनी भावुक हुँदै सुमायालाई भन्छन्, "तिमी मलाई अब उप्रान्त साथ नदेऊ है ल । अब मेरो हालत यस्तै भैगयो । ...तिमीसँग राम्रो भविष्य रोज्ने विकल्प रहन्छ ।" यसको प्रत्युत्तरमा सुमायाले सोधेको प्रश्न, "यदि यही अवस्था मलाई भएको भए तपाईँले के गर्नु हुन्थ्यो नि ?" (पृ.६६-६७) हामी प्रायः फिल्महरूमा सुन्ने गर्छौँ । यसले पाठकलाई भावुक बनाउँछ ।

सानोतिनो समस्याले डराएर भाग्ने होइनन् सुमाया । समयचक्रले घुमाएर हिमालय वैदेशिक रोजगारका लागि जानुपर्ने हुन्छ । आˆनो श्रीमान्को अनुपस्थितिमा उनी कुशलतापूर्वक घर सम्हाल्छिन् । त्यति मात्र होइन, उनी राजनीतिक प्रतिशोधका कारण तत्कालीन सरकारद्वारा उनका ससुराको कैयौँ रोपनी खोसिएको (उदयपुरमा) जग्गा पनि प्रशासनसँग कानूनी लडाइँ लडेर फिर्ता लिन सफल हुन्छिन् ।

डा. सुमायाको शिक्षाप्रतिको लगाव पनि बिर्सिनसक्नुको छ । यसमा उनका मातापिताको देन अमूल्य छ । भारत-नेपाल गर्दै उनले बी.ए. त सहजै पास गरिन् । तर एम्.ए. पढ्ने बेलामा श्रीमान् साथमा नहुनु र घर सम्हाल्ने जिम्मा उनकै काँधमा आउनुले निकै कठीन भयो । तर उनले हिम्मत हारिनन् । उनका बुवाले यो समयमा उनलाई साथ दिए । छोरीको एम.ए. को जाँचको फर्म भर्ने समय नभिड्कियोस् भनेर उनी आफैँ छोरीलाई लिन भारतदेखि नेपाल गए । सुमाया फर्म भरिवरि नेपाल फर्कने बेलामा बाबुले उनलाई ढाडस दिंदै भने, "तिम्रा आˆना समस्याहरूलाई राम्ररी सल्टाउनू । यसैबीच जाँच आरम्भ हुने मिति तय भयो भने म तिमीलाइै जानकारी दिन फेरि पनि नेपाल आउँला " (पृ. ११६) । हरेक ६/६ दिनमा नेपाल-भारत गरेर करीब तीन महिनामा सकिने एम.ए. को परीक्षा दिनु लरतरो कुरा हो र ? यसरी उनी बारम्बार नेपाल-भारत गर्दा सीमानामा शंकाको घेरामा परेको प्रसंग सुमायाले रोचक ढंगमा प्रस्तुत् गरेकी छन् ।

एम.ए. पछिको उनको पेशागत यात्रा लहानको जेएस मुरारका क्याम्पसबाट भयो । त्यहाँबाट उनी केन्द्रिय विभाग कीर्तिपुरसम्म पुगिन् । यसैबीच उनका श्रीमान् नेपाल फर्किए, छोराछोरी भए, हुर्किए, श्रीमान् पुनः बिरामी भए, सुमायाले विशेषगरी जातीय पहिचानसित सम्बन्धित विभिन्न संघसंस्थासित आवद्ध भएर काम गरिन् । उनले आˆनो पारिवारिक, पेशागत र सामाजिक जीवन सन्तुलित पारामा चलाइरहिन् । उनले विद्यावारिधि यही समयमा गरिन् ।

पछिल्लो समयमा उनका छोराछोरी उच्चशिक्षाका लागि बेलायततिर लागे । बिस्तारै सुमाया पनि आˆना श्रीमान्को उपचारका लागि उतै लागिन् । डा.सुमायाले भनेको आत्मकथाबाहेक यो पुस्तकमा अरू व्यक्तिले उनका बारेमा लेखेका लेखहरू पनि समावेश छन् । समग्रमा भन्नुपर्दा 'जिन्दगी फूल सम्झे फूलै हो' एउटी सशक्त र जुझारू नारीको त्याग, तपस्या, संघर्ष, प्रेम, दृढता, कर्तव्यपरायणता र सफलताको कथा हो । यसले जो कोहीलाई पनि दुःखमा नआत्तिइ र सुखमा नमात्तिइ जीवन जिउनमा प्रेरणा दिन्छ ।

मनोरञ्जन

दसैंमा नेपाली फिल्म: 'रिलिज होडबाजी'

दमक/ दसैं नेपाली फिल्म रिलिजका लागि महत्वपूर्ण समय बनिसकेको छ । विगतका वर्षमा दसैंमा रिलिज भएका फिल्म, तिनले गरेको व्यापार र हरेक वर्ष दसैंमा आफ्नो फिल्म प्रदर्शनका लागि हुने होडबाजीले पनि यसको पुष्टि गर्छ। त्यसैले हरेक वर्ष दसैंमा फिल्म प्रदर्शन गर्न फिल्मकर्मीबीच हानथाप हुने गर्छ । दर्शकको फुर्सद र दसैंमा हलमा बढ्ने चापलाई लक्षित गर्दै फिल्महरू दसैंको अवसरमा रिलिज हुने गरेका छन् । यसपटक पनि केही ठूला तथा प्रतीक्षित मानिएका फिल्म दसैंको अवसरमा प्रदर्शनको तयारीमा छन् ।

यदि कुनै नयाँ फिल्म थपिएनन् भने दसैंमा रिलिज हुने फिल्मको अन्तिम लाइनअप अब टुंगो लागेको छ । यस पटकको दसैंमा विशेषगरी फूलपातीको अवसरमा नेपाली फिल्मको प्रतिस्पर्धा सबभन्दा रोचक बन्ने देखिन्छ । फूलपातीको अवसरमा मात्रै तीन ठूला तथा प्रतीक्षित फिल्म प्रदर्शनमा आउने तयारीमा छन् । संयोग कस्तो पनि परेको छ भने तीनै फिल्म सिक्वेल हुन् ।

असोज ३० गते विराज भट्ट-समीर भट्ट अभिनीत फिल्म '१२ गाउँ २' र पल शाह, मलिका महत लगायतको अभिनय रहेको 'आबाट आमा २' रिलिज हुँदैछन् । त्यसको भोलिपल्ट अर्थात् असोज ३१ गतेदेखि दीपकराज गिरी-दीपाश्री निरौलाको 'छ माया छपक्कै २' प्रदर्शनमा आउनेछ ।

यी तीनै फिल्म सुपरहिट फिल्मका सिक्वेल भएकाले पनि रिलिजअघि नै थप चासो र चर्चा छ। तीन फिल्म छोटो अन्तरालमा प्रदर्शनमा आउँदा दसैंको बक्स अफिसमा प्रतिस्पर्धा रोचक हुने देखिन्छ । तीन वटै फिल्मप्रति दर्शकको चासो पनि सुरूदेखि नै देखिँदै आएको छ ।

प्रचारमा पनि ताते निर्माण टिम

रिलिज मिति नजिकिँदै गएसँगै निर्माण टिम पनि प्रचारमा जुटेका छन्। गीत, टिजर तथा अन्य प्रचार सामग्री सार्वजनिक गर्ने क्रमसँगै तीनवटै फिल्मका निर्माण टिम प्रचारप्रसारमा सक्रिय देखिएका हुन् । विराज भट्ट निर्देशित '१२ गाउँ २' र चन्द्र पन्त निर्देशित 'आबाट आमा २' को टिजर सार्वजनिक भइसकेको छ । यस्तै, दीपेन्द्र लामाले निर्देशन गरेको 'छ माया छपक्कै २' ले शीर्ष गीत सार्वजनिक गरिसकेको छ ।

आज मिति
२०८३ साल
असोज १४ गते
बुधबार
30 Sept. 2026
तिथि: चतुर्थी/चौथी श्रद्धा

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	कार्यमा निकै खट्नु पर्ला । व्यापारबाट लाभ ।
वृष	इ उ ए ओ वा वि वु वे वो	अनावश्यक भ्रमण । सामान्य धन लाभ ।
मिथुन	का कि कु घ ङ छ के को हा	दाजुकाकाबाट सहयोग । रोजगारीको अवसर ।
कर्कट	चु चे लो ला लि लँ ले लो अ	बन्धुबान्धवबाट सहयोग । व्यापारबाट लाभ ।
सिंह	मा मि मु मे मो टा टि टु टे	सरकार पक्षसँग विवाद । आम्दानी कम हुने ।
कन्या	टो प पी पँ ष ण ठ पे पो	शिरमा दर्द हुने । अकस्मात केही लाभ ।
तुला	हि हु हे हो डा डि डु डे डो	विपरित लिंगीबाट सहयोग । व्यापारबाट सामान्य लाभ ।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	शत्रु परास्त । कार्यमा सफल ।
धनु	य यो भा भी भ धा फा ढ भे	आफन्तसँग विवाद । लेनदेनमा समस्या ।
मकर	भो जा जी खि खू खे खो गा गी	घरायसी समस्या । मातामा केही समस्या ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	पराक्रम बढ्ने । कार्यमा सफल ।
मीन	दि दु थ झ ञ दे दो चा ची	बोलीले शत्रु बढ्ने । पढाईमा समस्या ।

राष्ट्रिय बहुमुखी सहकारीको साधारणसभा सम्पन्न

दमक । दमक–८ सेतुमारी मार्गस्थित राष्ट्रिय बहुमुखी सहकारी संस्थाले २७औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ । शनिबार संस्थाको भवनमा आयोजित सभामा आर्थिक वर्ष २०८२/८३ को आर्थिक तथा सांगठनिक प्रतिवेदन प्रस्तुत गर्नुका साथै उत्कृष्ट सदस्य, बचतकर्ता, ऋणी तथा विभिन्न क्षेत्रका व्यक्तिलाई सम्मान गरिएको छ ।

संस्थाका कोषाध्यक्ष पारसमणि राईका अनुसार नियमित बचतकर्तामध्ये उत्कृष्ट बचत गर्ने सदस्य, शेयर सदस्य तथा ऋण कारोबार गर्ने उत्कृष्ट सदस्यलाई सम्मान गरिएको हो । उत्कृष्ट बचततर्फ चुनकुमारी थेबे, शारदा तामाङ, सीता देवान, पानबहादुर राई, संगीता लिम्बू, पीतादेवी लामा र धनमाया तामाङलगायतलाई सम्मान गरिएको छ ।

त्यस्तै, उत्कृष्ट ऋणीतर्फ सिर्जना माखिम, मनु राई, चन्द्रकला राई, हरिचन्द्र राई र राजेन्द्रकुमार माखिमलाई सम्मान गरिएको थियो । अवकाशप्राप्त भूतपूर्व ब्रिटिस गोर्खा, भारतीय गोर्खा, सिंगापुर गोर्खा प्रहरी, नेपाली सेना तथा नेपाल प्रहरीका ज्येष्ठ सदस्यलाई समेत सम्मान गरिएको संस्थाले जनाएको छ ।

सभामा ज्येष्ठ सदस्यतर्फ आइतराज तामाङ र पार्वती राई तथा विभिन्न सुरक्षा निकायमा सेवा गरेका व्यक्तिलाई सम्मान गरिएको थियो । कक्षा १२ उत्तीर्ण विद्यार्थी प्रकृति मेचे र नुमा लिम्बूलाई नगदसहित तथा स्नातक उत्तीर्ण शशान्त सॉँगपाङ र निर्मला राईलाई नगद, सम्मानपत्र र दोसल्लाले सम्मान गरिएको थियो ।

उत्कृष्ट बाल बचततर्फ युन्छोहाङ आङ्देम्बे र मिङ्सा आङ्देम्बेलाई तथा उत्कृष्ट कृषकतर्फ इलाम चुलाचुली सेवा केन्द्रका शिवलाल गिरीलाई सम्मान गरिएको छ । संस्थामा कार्यरत कर्मचारी चन्द्रबहादुर कन्दङवालाई उत्कृष्ट कार्यसम्पादनका लागि नगदसहित प्रशंसापत्र प्रदान गरिएको थियो ।

सञ्चालक समितिका अध्यक्ष लछुदास राईको अध्यक्षतामा सम्पन्न सभामा संस्थाको प्रगति तथा लेखा प्रतिवेदन प्रस्तुत गरिएको थियो । प्रतिवेदन र सुझावमाथि छलफलपछि पारित गरिएको प्रमुख कार्यकारी अधिकृत प्रकाशचन्द्र वान्तवा राईले जानकारी दिए ।

दमकमा मुख्य कार्यालय रहेको संस्थाले इलामको चुलाचुली गाउँपालिकामा समेत सेवा विस्तार गरी सदस्यलाई वित्तीय सेवा प्रदान गर्दै आएको जनाएको छ ।

धरानमा विद्यार्थीको अनशन तोडियो

धरान । विद्यालयमा लामो समयदेखि रिक्त शिक्षक दरबन्दी पूर्ति गर्न माग गर्दै आमरण अनशनमा बसेका विद्यार्थी प्रतिनिधि रोजन शंकरले अनशन तोडेका छन् ।

धरान उपमहानगरपालिकाका कार्यवाहक मेयर आइन्द्रविक्रम बेघा र नगर बाल सञ्जालबीच शिक्षक नियुक्तिसहित पाँचबुँदे सहमति भएपछि शंकरले अनशन अन्त्य गरेका हुन् । बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुगेका मेयर बेघाले शंकरलाई जुस खुवाएर अनशन तोडाएका थिए ।

सहमतिअनुसार धरान–११ स्थित ज्ञानोदय माध्यमिक विद्यालय र धरान–६ को सरस्वती माध्यमिक विद्यालयमा रिक्त शिक्षक पदमा तत्काल नियुक्ति प्रक्रिया अघि बढाइने भएको छ। शिक्षक अभावका कारण विद्यार्थीको पठनपाठन प्रभावित हुँदै आएको भन्दै नगर बाल सञ्जालले आन्दोलन गर्दै आएको थियो ।

अन्तर्राष्ट्रिय

सयुक्त राष्ट्रसंघको ८१औं महासभा सम्पन्न

एजेन्सी/ संयुक्त राष्ट्रसङ्घीय महासभाको ८१औँ सत्रको बहस सोमबार सम्पन्न भएको छ ।

महासभाका अध्यक्ष खलिलुर रहमानले आफ्नो समापन मन्तव्यमा बहसमा १९४ प्रतिनिधिमण्डलले भाग लिएको उल्लेख गर्दै सहभागीमा ११३ राष्ट्रका सरकार प्रमुख, एक जना राजकुमार ११ जना उपराष्ट्रपति, सात जना उपप्रधानमन्त्री तथा ४८ मन्त्री रहेको पुष्टि गरेका छन् ।

राष्ट्रसंघीय बहसमा शान्ति, विकास, मानवअधिकार, संयुक्त राष्ट्रसंघीय सुधार र आगामी महासचिवको चयनलगायतका विभिन्न विषय समावेश भएको उनले बताए। उनका अनुसार अघिल्लो बहसको किनारमा रहेको कृतिम वौद्धिकता यस वर्षको छलफलको केन्द्रमा परेको थियो ।

विश्वास पुनर्स्थापना, यस वर्षको बहसको विषय, भाषणमा व्यापक रूपमा प्रतिध्वनित भएको उनले बताए ।

खेल समाचार

एसियाड कास्य विजेता मेनुका र पार्वतीलाई नगदसहित सम्मान

दमक । जापानको नागोयामा जारी २०औँ एसियाली खेलकुद (एसियाड) मा महिला कबयीतर्फ कास्य पदक जित्न सफल कोशी प्रदेशका खेलाडी मेनुका राजवंशी र प्रशिक्षक पार्वती राईलाई प्रदेश खेलकुद विकास बोर्डले नगदसहित सम्मान गर्ने भएको छ ।

बोर्डले मोरङकी मेनुकालाई १ लाख रूपैयाँ र उदयपुरकी प्रशिक्षक पार्वतीलाई २५ हजार रूपैयाँ प्रदान गर्ने जनाएको छ ।

बोर्डका सदस्य सचिव विप्लव घोषले अन्तर्राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै राष्ट्र र कोशी प्रदेशको नाम उच्च राखेकाले उनीहरूलाई सम्मान गर्न लागिएको बताए ।

एसियाडको सेमिफाइनलमा भारतसँग पराजित भएपछि नेपाली महिला कबयी टोलीले कास्य पदकमा चित्त बुझाएको थियो । नेपालले क्वार्टरफाइनलमा श्रीलंकालाई पराजित गरेको थियो ।

शिवसताक्षीमा "शिवसताक्षीको पहिचान" स्थानीय पाठ्यपुस्तक विमोचन

शिवसताक्षी । शिवसताक्षी नगरपालिकाले कक्षा १ देखि ३ सम्मका विद्यार्थीलाई लक्षित गरी तयार गरेको स्थानीय पाठ्यपुस्तक 'शिवसताक्षीको पहिचान' विमोचन गरेको छ । नगरपालिकामा आयोजित कार्यक्रममा नगरप्रमुख मेगाहाङ् थोप्रा, उपप्रमुख नरमाया कार्की, प्रमुख प्रशासकीय अधिकृत सुनिता तुम्बाहाङफे तथा वडाध्यक्षहरूले संयुक्त रूपमा पुस्तक विमोचन गरेका हुन् ।

स्थानीय परिवेश, मौलिकता, संस्कृति र नगरको पहिचानबारे विद्यार्थीलाई विद्यालय तहबाटै जानकारी गराउने उद्देश्यले पुस्तक तयार गरिएको नगरपालिकाले जनाएको छ । पुस्तकमा नगरभित्रका पर्यटकीय तथा धार्मिक स्थल, विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति, परम्परा, स्थानीय कला तथा मौलिकता समेटिएको छ ।

शिक्षा अधिकृत छवि ढकालका अनुसार स्थानीय पाठ्यक्रमले विद्यार्थीलाई आफ्नो गाउँ, समुदाय र नगरसँग जोड्न सहयोग पुग्नेछ । स्थानीय इतिहास, प्राकृतिक सम्पदा, सामाजिक विविधता तथा सांस्कृतिक पक्षबारे अध्ययन गर्दा विद्यार्थीमा आफ्नो ठाउँप्रतिको अपनत्व र पहिचानको भावना विकास हुने अपेक्षा गरिएको छ । नगरपालिकाले आगामी चरणमा थप कक्षाका लागि स्थानीय पाठ्यसामग्री तयार गरी कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम व्यवस्थित रूपमा लागू गर्ने लक्ष्य लिएको जनाएको छ ।

क्षतिग्रस्त राजमार्गका पुलहरू दसैअगावै पुनर्निर्माण गरिने

दमक/ हालैको अविरल वर्षा र बाढीपहिरोका कारण क्षतिग्रस्त बनेका मुख्य राजमार्गका पुलहरूलाई आउँदो दसैँअगावै मर्मत तथा पुनर्निर्माण गरी सञ्चालनमा ल्याइने सडक विभागले जनाएको छ। सडक विभाग अन्तर्गतको पुल महाशाखाले चाडपर्वका बेला सर्वसाधारणको आवागमन सहज बनाउन द्रुत गतिमा काम अघि बढाइएको जनाएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको पछिल्लो प्रतिवेदनमा गत बिहीबारदेखि परेको अविरल वर्षासँगै आएको बाढीले देशभर करिब १० वटा पुलमा क्षति पुगेको विवरण सार्वजनिक गरेको छ ।

उक्त विवरणमा भएको पुलमध्ये स्थानीय सडक, मोटरेबल तथा अन्य पुलहरु समेत समावेश छन् । विभागले भने विशेषगरी रणनीतिक तथा मुख्य राजमार्गअन्तर्गतका पुलहरूलाई प्राथमिकतामा राखेर काम गरिरहेको पुल महाशाखाका प्रमुख ललिजन खनालले बताए ।

महाशाखा प्रमुख खनालका अनुसार हाल कालीगण्डकी करिडोरराजमार्ग खण्डका पोखरेबगर, माल्ढुंगा र डेढगाउँका पुलहरूमा बाढीले क्षति पुऱ्याएको छ । ती पुलहरूमा तत्काल बेलीब्रिज राख्ने वा मर्मत गर्ने भन्ने प्राविधिक अध्ययनका लागि टोली फिल्डमै खटिएको छ ।

'दसैँ नजिकिँदै गरेकाले खरिद प्रक्रियाको कुनै पनि ढिलासुस्ती नगरी हामी 'युद्धस्तर'मा खटिएका छौँ,' प्रमुख खनालले भने, 'सडकको पहुँच पुगेसम्म दसैँअगावै यी पुलहरु पुनर्निर्माण गरी यातायात सञ्चालन गर्ने हाम्रो मुख्य लक्ष्य हो ।'

प्रयोगशाला....योजना संघीय सरकारको भएकाले भवन निर्माणपछि नगरपालिकाले थप लगानी नगरेको जनाएको छ । वडा नम्बर १० का अध्यक्ष राजेन्द्र भण्डारीका अनुसार पार्क सञ्चालनमा ल्याउन सकिएको भए ग्रामीण क्षेत्रमा रहेको यो वडा प्रदेशभरिका विद्यार्थीको आकर्षणको केन्द्र बन्ने थियो ।

'पार्क निर्माण भए यहाँ प्रदेशभरिका विद्यार्थीका लागि अध्ययन-अध्यापनको स्थल दमककै गहनाको विषय बन्ने थियो,' भण्डारीले भने, 'तर अहिले उक्त योजना बजेट अभावमा अधुरो र अपरो छ ।

विज्ञान पार्क स्थानीय राजनीतिको चुनावी एजेन्डासमेत बन्दै आएको छ । पटक-पटक निर्माण पूरा गर्ने प्रतिबद्धता आए पनि व्यवहारमा बजेट र कार्यान्वयनको सुनिश्चितता हुन सकेको छैन । स्थानीयवासी भने वर्षौंदेखि अधुरो रहेको संरचना हेर्दै प्रश्न गरिरहेका छन्-विद्यार्थीले विज्ञान सिक्ने भनिएको पार्कमा आखिर कहिलेसम्म धान फलिरहने ? विज्ञानको प्रयोगशाला बन्नुपर्ने ठाउँमा खेती, विद्यार्थीको चहलपहल हुनुपर्ने भवनमा शिक्षकको आवासगृह र नवप्रवर्तनको केन्द्र बन्नुपर्ने परियोजनामा मौनता–दमकको विज्ञान पार्क अहिले अधुरा विकास योजनाको एउटा प्रतीक बनेको छ ।

चारआली....अनुगमन टोलीले मंगलबार अस्पतालमा अनुगमन गर्दा बिरामीको उपचारमा प्रयोग गरिएका म्याद नाघेका औषधि फेला पारेको थियो । साथै, अस्पताल सञ्चालनका लागि आवश्यक कानुनी प्रक्रिया र दर्ता पूरा नगरेको समेत पाइएको नगरपालिकाले जनाएको छ ।

अनुगमनका क्रममा कानुनी प्रक्रिया पूरा नगरी सेवा सञ्चालन गरेको र बिरामीको उपचारमा म्याद नाघेका औषधि प्रयोग गरेको पाइएपछि नगरपालिकाले अस्पताल तत्काल बन्द गराएको हो ।

झापा कांग्रेस....हेमन्त कार्की,मेदनी सिटौला, शुरेस सुब्वा, टिकाराज सापकोटा, रोशन गौतम, अनिलकृष्ण प्रसाई चुनिए । यी मध्ये हुकुमसिंह राई, रोहित साह, सिटौला, कार्की, सुव्वा, सापकोटा र प्रसाई पूरानै हुन् ।

त्यसैगरि, पेशागततर्फ डा. नेत्र बुढाथोकी, दलिततर्फ गंगादेवी बराईली,मोहन बराईली, आदिवासी जनजातितर्फ जीवन राई, भूमिराज राई, खसआर्य तर्फ विक्रम अधिकारी, बबरजंग थापा, मधेशीतर्फ सत्यनारायण चौधरी, मुश्लिमतर्फ बुसारा खातुन, श्रमिकतर्फ रमेशकुमार कामत, युवामा महिलातर्फ सरिता पौडेल, पुरुष तर्फ विनोद चापागाई, स्वर्णिम अधिकारी, अपाङगतातर्फ गोपाल राज दाहाल निर्वाचित भएको क्षेत्रीय निर्वाचन समितिका संयोजक लीला खनालले बताए ।

उनका अनुसार आदिवासी जनजाति महिलातर्फ रमा लिम्बू, फूलवती राजवंशी,खसआर्यतर्फ (महिला) मेनुका बुढाथोकी र सुमित्रा खरेल निर्वाचित भएकी छन् । यस्तै खुल्ला महिलातर्फ रेगिना भट्टराई, लक्ष्मी बाह्रकोटी, मन्दरा चिमरिया पौडेल र रामकुमारी पौडेल निर्वाचित भईन् । रामकुमारी वाहेक सवै पूरानै अनुहार हुन् ।

८१ बर्षिय प्रसाई सेनानीतर्फ निर्वाचित

झापा, गौरादह निवासी पूराना नेता वीरवहादुर प्रसाई लोकतान्त्रिक सेनानी क्लष्टरबाट महाधिबेशन प्रतिनिधि निर्वाचित भए । यस क्षेत्रका पूर्व सभापति समेत रहेका ८१ बर्षिय उनी निर्विरोध निर्वाचित भएका हुन् । उनी पूर्वकै ज्येष्ठ महाधिबेशन प्रतिनिधि हुन सक्ने दावी गरिएको छ ।

झापा-४ मा ढुङ्गाना क्षेत्रीय सभापति

झापा क्षेत्र नं. ४ को क्षेत्रीय सभापतिमा पर्शुराम ढुङ्गाना निर्वाचित भएका छन् । ढुङ्गानाले ४३३ मत प्राप्त गर्दा प्रतिस्पर्धी शिवकुमार कँडेलले ३८७ मत पाए । सहसचिवमा मनोज बस्नेत ४६६ मतसहित निर्वाचित भएका छन् । क्षेत्रीय सदस्यमा ताराकुमार कार्की, अर्जुन भट्टराई र धर्मनारायण राजवंशी चयन भएका छन् ।

यस क्षेत्रअन्तर्गत प्रदेशसभा 'क'को सभापतिमा विनोद ढकाल २७१ मतसहित तथा 'ख'मा रोहित खवास ३५४ मतसहित निर्वाचित भएका छन् ।

झापा-३ मा प्रतिनिधि चयन

झापा क्षेत्र नं. ३ बाट विभिन्न समावेशी समूह तथा खुला प्रतिस्पर्धामार्फत महाधिवेशन प्रतिनिधि निर्वाचित भएका छन् ।

महिला खुलातर्फ समता दाहाल कार्की, यशोदा कार्की, उर्मिलाकुमारी गौतम र लता चापागाईं कार्की निर्वाचित भएका छन् । खुलातर्फ नवीन विमली, गणेश पोखरेल, राजेन्द्रकुमार घिमिरे, भरत प्रसाई, जगदीश काफ्ले, महावीर लिम्बू, टिकाराज ढकाल, मोहन महर्जन, जगतबहादुर बस्नेत र टुमलाल राजवंशी निर्वाचित भएका छन् ।

युवा महिलातर्फ सदिक्षा खड्का तथा युवा खुलातर्फ थोमस थेबे लिम्बू र नारायण नेपाल निर्वाचित भएका छन् । पेशागत तथा विषय विज्ञतर्फ अधिवक्ता यज्ञप्रसाद अधिकारी, अल्पसंख्यकतर्फ लखन हेमरम र प्रजातन्त्र सेनानी/शहीद परिवार/द्वन्द्वपीडिततर्फ नरेन्द्रकुमार कार्की चयन भएका छन् ।

झापा–२ मा समावेशी समूहबाट प्रतिनिधि चयन

झापा क्षेत्र नं. २ बाट पनि महाधिवेशन प्रतिनिधिको परिणाम सार्वजनिक भएको छ । महिला खुलातर्फ उमा शिवाकोटी, प्रभा नेपाल, सीतादेवी पौडेल र मेनुका ओली निर्वाचित भएका छन् ।

खुला क्लस्टरबाट खगेन्द्र मैनाली, उद्धव थापा, आनन्द बस्नेत, जलकुमार गुरूङ, छत्रबहादुर गिरी, दीपक तामाङ, वीरमणि ढकाल, भोजराज सिटौला, मनोज प्रसाई र दीपेन्द्रप्रसाद ढकाल निर्वाचित भएका छन् ।

युवा खुलातर्फ सञ्जय राई र मिलन चापागाईं, अपाङ्गता समूहबाट उत्सव ढकाल, अल्पसंख्यकतर्फ याम भुजेल, दलिततर्फ मनमाया विश्वकर्मा तथा प्रजातन्त्र सेनानी/शहीद परिवार/द्वन्द्वपीडिततर्फ समशेर गिरी निर्वाचित भएका छन् ।

झापा–१ मा विश्वप्रकाश सर्वाधिक मतसहित

झापा क्षेत्र नं. १ बाट विभिन्न समावेशी समूह र खुला प्रतिस्पर्धामार्फत २९ जना महाधिवेशन प्रतिनिधि निर्वाचित भएका छन् ।

खुला पुरूषतर्फ विश्वप्रकाश शर्मा ६३८ मतसहित सर्वाधिक मत प्राप्त गर्दै निर्वाचित भएका छन् । यस्तै केशवराज पाण्डे, नारायण गिरी, भुपु राई, अर्जुन राई, प्रेम सम्बाहाङ्फे(लिम्बू, गोपाल तामाङ, लोकराज ढकाल, पुष्पराज पौडेल र टेकबहादुर लिम्बू निर्वाचित भएका छन् ।

खुला महिलातर्फ सुशीला रिजाल, रचना ओली घिमिरे, राधा कार्की र कुसुम भट्टराई कोइराला निर्वाचित भएका छन् ।

खस आर्य, आदिवासी जनजाति, युवा, अपाङ्गता, पेशागत तथा विषय विज्ञ र श्रमिक समूहबाट पनि महाधिवेशन प्रतिनिधि चयन भएका छन् ।

यससँगै झापाका विभिन्न निर्वाचन क्षेत्रमा कांग्रेसको १५औँ महाधिवेशनका लागि क्षेत्रीय नेतृत्व र महाधिवेशन प्रतिनिधि चयन प्रक्रिया अघि बढेको छ ।

इटहरी....सम्बन्धी जानकारी माग गरेको छ ।

यस्तै, शेयर सदस्य संख्या, शेयर पुँजी, विभिन्न कोषको विवरण तथा सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारी एवं कर्मचारीको सम्पत्ति विवरणसमेत पेश गर्न भनिएको छ । नगरपालिकाले नियमन तथा अनुगमनलाई प्रभावकारी बनाउन विवरण अद्यावधिक गर्न सहकारीहरूलाई आग्रह गरेको छ ।

चाडपर्व....सहभागिता थियो ।

निर्णयअनुसार जिरा मसिनो चामल प्रतिकेजी ७५ रूपैयाँमा बिक्री गरिनेछ । यसको अधिकतम बिक्री मूल्य ८० रूपैयाँ रहेकामा प्रतिकेजी ५ रूपैयाँ छुट दिइएको हो । त्यस्तै, सोना मन्सुली चामल प्रतिकेजी ५७ रूपैयाँमा बिक्री हुनेछ । यसको अधिकतम बिक्री मूल्य ६२ रूपैयाँ रहेकामा ५ रूपैयाँ छुट दिइएको छ ।

बैठकले चिनीको सहुलियत मूल्य प्रतिकेजी ११० रूपैयाँ र नुनको २४ रूपैयाँ निर्धारण गरेको छ । नुनमा प्रतिकेजी २ रूपैयाँ छुट दिइएको हो ।

चाडपर्वका समयमा सर्वसाधारणलाई खाद्य सामग्रीको सहज आपूर्ति सुनिश्चित गर्न पर्याप्त मौज्दात कायम राख्ने र सहुलियत मूल्यमा बिक्रीका लागि सुपथ मूल्य पसल सञ्चालन गर्ने निर्णयसमेत बैठकले गरेको छ ।

यस्तै, साल्ट ट्रेडिङ कर्पोरेशनले झापाका २५ भन्दा बढी विक्रेतामार्फत थोकमा नुन उपलब्ध गराउने निर्णय गरेको छ ।

बैठकले स्थानीय उद्योग वाणिज्य संघ, व्यापारिक संघसंस्था तथा निजी क्षेत्रका व्यवसायीलाई समेत चाडपर्वका अवसरमा उपभोक्ताका लागि सहुलियत, छुट तथा राहतका प्याकेज घोषणा गरी कार्यान्वयन गर्न सार्वजनिक आह्वान गर्ने निर्णय गरेको छ ।

मानव.... *सुब्बाका अनुसार कछुवा संरक्षणलाई एउटा जीव बचाउने अभियानका रूपमा मात्र बुझ्न नहुने बताए । उनका अनुसार कछुवा बाँच्ने पानी, नदी किनार, अन्डा पार्ने बालुवा वा माटो, घाम ताप्ने स्थान, आहारा तथा आसपासको हरियाली संरक्षण गर्न सके मात्र कछुवा संरक्षण प्रभावकारी हुने उनको भनाइ छ ।*

सरिसृप वर्गमा पर्ने कछुवाका लागि पानीका साथसाथै सुरक्षित नदीकिनार, अन्डा पार्ने बालुवा वा माटो, घाम ताप्ने स्थान, आहारा र प्राकृतिक वनस्पति पनि आवश्यक हुने बताइएको छ । कतिपय प्रजाति पानीमा बढी समय बिताए पनि प्रजननका समयमा नदीकिनारको सुरक्षित स्थानमा निर्भर हुन्छन् । सिमसार पुरिँदै जाने, प्राकृतिक पोखरी तथा जलाशय मासिँदै जाने, नदीकिनारमा अव्यवस्थित संरचना निर्माण हुने र वरपरका वनस्पति हट्दै जाने क्रमले कछुवाको जीवनचक्रमा प्रत्यक्ष असर पार्ने अनुसन्धानकर्ता सुब्बा बताउँछन् ।

सन् २००५ मा त्रिभुवन विश्वविद्यालयबाट सरिसृप तथा उभयचरमा नेपालमै पहिलो विद्यावारिधि गर्ने प्रोफेसर डा. कालुराम खुम्बुका अनुसार कछुवा संरक्षणलाई एउटा प्रजाति बचाउने अभियानमा सीमित नगरी सरिसृप तथा उभयचरको समग्र वासस्थान संरक्षणका रूपमा अघि बढाउनुपर्ने बताए ।

पूर्वी तराईको चारकोसे झाडी क्षेत्र पछिल्लो समय बस्ती विस्तार, कृषि, सडक तथा अन्य पूर्वाधारका कारण विभिन्न स्थानमा खण्डित भएको छ । वनसँग जोडिएका पोखरी, खोल्सा, नदीकिनार र सिमसारमा हुने परिवर्तनले त्यहाँ आश्रित जलचर तथा वन्यजन्तुलाई समेत असर पार्ने संरक्षणकर्मी बताउँछन् ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०४बस्ने कुमार श्रेष्ठको नाममा दर्ता कायम रहेको मधुमल्ला-९/घ को कि.नं. २४९५ ज.वि. ०-०-९-१ मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारी गरी १६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पुर्वतर्फ सँधियार यम बहादुर मगर उतर तर्फ सँधियार रिता खनाल उपस्थित नहुनु भएको हुदा उहाँहरुलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ।

उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०५बस्ने ऋतु खनालको नाममा दर्ता कायम रहेको मधुमल्ला-५/च को कि.नं. ४४४३ ज.वि. ०-०-१०-० मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारी गरी १६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा दक्षिण तर्फ सँधियार आनन्द फागु उपस्थित नहुनु भएको हुदा उहाँलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ।

ज्येष्ठ नागरिक संघ दमक नगर समितिको साधारण सभामा उपस्थिति हुने बारेको सूचना

यस ज्येष्ठ नागरिक संघ दमक नगर समितिको चौथो वार्षिक साधारण सभा तथा **३६ औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको कार्यक्रम** निम्न मिति, समय र स्थानमा हुने निश्चय भएको हुँदा सम्पूर्ण **आजीवन सदस्यहरू**लाई अनिवार्य उपस्थितिका लागि जानकारी सहित अनुरोध गरिन्छ ।

- **मिति : २०८३ असोज १५ गते विहीबार**
- **समय : दिनको ११ बजे**
- **स्थान : ज्येष्ठ नागरिक संघको आफ्नै कार्यालय हल (दमक–८)**

अनुरोधकर्ता : ज्येष्ठ नागरिक संघ दमक नगर समिति दमक-८, झापा ।

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२,
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com